नेपाल बीमा प्राधिकरण

ललितपुर-१०, कुपण्डोल

क्यान्टिन सेवा सञ्चालनका लागि प्रस्ताव आह्वान सम्बन्धी सूचना

मिति: २०८३।०७।२८

नेपाल बीमा प्राधिकरणको कार्यालय परिसरमा कार्यरत कर्मचारी तथा सेवाग्राहीहरूलाई स्वच्छ, स्वस्थ, गुणस्तरीय तथा सर्वसुलभ चिया, खाजा तथा खाना उपलब्ध गराउने उद्देश्यले प्राधिकरणको परिसरमा क्यान्टिन सेवा सञ्चालन गर्न इच्छुक तथा योग्य फर्म, कम्पनी वा संस्थाबाट प्रस्ताव आह्वान गर्नका लागि यो सूचना प्रकाशित गरिएको छ।

इच्छुक फर्म, कम्पनी वा संस्थाले देहायका शर्तहरूको अधीनमा रही निवेदन तथा आवश्यक कागजातसहित यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र प्राधिकरणको सामान्य प्रशासन शाखामा प्रस्ताव पेश गर्नुपर्नेछ।

आवश्यक कागजातहरू:

१. सेवा सञ्चालनको प्रस्ताव।
२. प्रस्तावित खाना तथा खाजाको सूची र दररेट।
३. फर्म, कम्पनी वा संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि।
४. स्थायी लेखा नम्बर (PAN) वा मूल्य अभिवृद्धि कर (VAT) दर्ता प्रमाणपत्रको प्रतिलिपि।
५. पछिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि।
६. क्यान्टिन वा खाद्य सेवा सञ्चालनसम्बन्धी अनुभव भए सोको प्रमाण।
७. आधिकारिक प्रतिनिधि वा सञ्चालकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि।

प्रस्तावमा अनिवार्य रूपमा उल्लेख गर्नुपर्ने खाद्य सामग्री तथा दररेट:

क्यान्टिन सेवा सञ्चालन गर्न इच्छुक फर्म, कम्पनी वा संस्थाले संलग्न बमोजिमको खाद्य सामग्रीहरूको सूची अनुसारको प्रतिइकाइ प्रस्तावित दर नेपाली रुपैयाँमा स्पष्ट रूपमा उल्लेख गरी प्रस्ताव पेश गर्नुपर्नेछ।

नोट: प्रस्तावदाताले क्यान्टिनमा उपलब्ध गराउन सकिने अन्य खाना, खाजा तथा पेय पदार्थहरूको सूची र दररेटसमेत छुट्टै संलग्न गर्न सक्नेछ। प्रस्तावित दरमा कर तथा अन्य शुल्क समावेश भए/नभएको स्पष्ट खुलाउनुपर्नेछ। खाजा तथा खाना सेटमा समावेश हुने परिकार र परिमाणसमेत उल्लेख गर्नुपर्नेछ।

प्रस्ताव पेश गर्ने स्थान तथा अन्तिम मिति:

प्रस्ताव पेश गर्ने स्थान: नेपाल बीमा प्राधिकरण, सामान्य प्रशासन शाखा, कुपण्डोल, ललितपुर।

प्रस्ताव पेश गर्ने अन्तिम मिति: २०८३।०८।०३ गते कार्यालय समयभित्र।

थप जानकारीका लागि:

सम्पर्क व्यक्ति	**सम्पर्क नम्बर**
भीम बहादुर माझी:	9858052073
जोति राज जोशी:	9868727462

संलग्नः प्रस्तावमा अनिवार्य रूपमा उल्लेख गर्नुपर्ने खाद्य सामग्री तथा प्रस्तावित दररेटको विवरण

क्र.सं.	खाद्य सामग्रीको विवरण	एकाइ	प्रस्तावित दर (रु.)
१	दूध चिया (Milk Tea)	कप	
२	दूध कफी (Milk Coffee)	कप	
३	कालो चिया (Black Tea)	कप	
४	कालो कफी (Black Coffee)	कप	
५	रोटी-तरकारी	प्लेट	
६	समोसा-तरकारी	प्लेट	
७	पुरी-तरकारी	प्लेट	
८	आलु पराठा-तरकारी	प्लेट	
९	चिकेन मःमः	प्लेट	
१०	भेज मःमः	प्लेट	
११	चिकेन खाजा सेट	सेट	
१२	भेज खाजा सेट	सेट	
१३	चिकेन खाना सेट	सेट	
१४	भेज खाना सेट	सेट	
१५	भेज चाउमिन	प्लेट	
१६	चिकेन चाउमिन	प्लेट	
१७	भेज फ्राइड राइस	प्लेट	
१८	चिकेन फ्राइड राइस	प्लेट	
१९	अण्डा चाउमिन	प्लेट	
२०	अण्डा अमलेट	प्लेट	
२१	अण्डा (बोइल)	वटा	
२२	स्यान्डविच (भेज/ननभेज)	प्लेट	
२३	पकौडा	प्लेट	
२४	चटपटे	प्लेट	
२५	आलु चप	वटा	
२६	मिनरल वाटर	बोतल	
२७	जुस, सफ्ट ड्रिंक्स	बोतल/प्याकेट	
२८	दही	कप	
२९	लस्सी/ मोही	कप	
३०	मिक्स फ्रुट्स	प्लेट	

प्रस्तावदाताका लागि थप आवश्यक विवरण

क. माथि उल्लिखित सबै खाद्य सामग्रीको दररेट अनिवार्य रूपमा उल्लेख गर्नुपर्नेछ।

ख. भेज तथा ननभेज परिकारको दररेट छुट्टाछुट्टै उल्लेख गर्नुपर्नेछ।

ग. खाना तथा खाजा सेटमा समावेश हुने परिकार र परिमाण स्पष्ट खुलाउनुपर्नेछ।

घ. सूचीमा समावेश नभएका अन्य खाद्य सामग्री उपलब्ध गराउन सकिने भए सोको नाम र दररेटसमेत थप उल्लेख गर्न सकिनेछ।